महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा
कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
च.नं.: १३८०

मिति: २०८२/११/२५
ने. सं. ११४६, चिल्लागा

विषय: बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको विवरण प्रविष्टि गर्ने सम्वन्धमा।

श्री सहकारी संस्थाहरु (बचत तथा ऋणको मूख्य कारोवार गर्ने सबै)
महालक्ष्मी नगरपालिका, धनकुटा।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (स्थानीय तह समन्वय शाखा) सिहंदरवार, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. २९३, मिति २०८२/११/१७ को बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ बमोजिम विवरण प्रविष्टी गर्ने सम्वन्धी पत्र र सो साथ प्राप्त सूचना यसै साथ संलग्न गरी पठाइएको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणले तोके बमोजिम मिति २०८२/१२/१७ गते भित्र दर्ता अभिलेखीकरण गर्नुहुन समेत अनुरोध छ।

११/२५

प्रदीप भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिहंदरवार, काठमाडौं।
श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर।
श्री वडा कार्यालयहरु (सबै)
महालक्ष्मी नगरपालिका, धनकुटा।
श्री सूचना प्रविधि शाखा: Website मा Upload गरि दिनुहुन।

फोन नं.: ०२६-६९१६८६,७०० प्रमुख: ९८५२०७०१२३ उप-प्रमुख: ९८५२०७०१२४ प्रमुख प्रशासकीय अधिकृत: ९८५२०७०१२१
Email: mahalaxmimunjitpur@gmail.com Web. http: // www.mahalaxmimundhankuta.gov.np

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३
चलानी नं.: २८६
मितिः २०८२।११।१७

विषयः जानकारी गराईएको ।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै),

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. १.६/स.व्य.प्र./२०८२/०८३, च.नं. ५२६, मिति २०८२।११।१५ को समन्वय तथा सहजीकरण गरिदिने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

११/१६
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना प्रविधि शाखाः सबै गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिमा ईमेलमार्फत पत्र प्रेषित गरी वेवसाइटमा समेत अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्या:- १.६/स.व्य.प्र./२०८२/०८३
च.नं. ५२६

मिति:- २०८२/११/१५
नेपाल संवत् ११४६

विषय:- समन्वय तथा सहजीकरण सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा सहकारी ऐन, २०७४ मा भएको पछिल्लो संशोधनले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सबै सहकारी संस्थाको नियमन गर्न स्थापित राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट "बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" जारी भई अभिलेखीकरणको कार्य भइरहेकोमा हालसम्म अभिलेखीकरण हुनुपर्ने सहकारी संस्थाहरुमध्ये धेरै सहकारी संस्थाहरुबाट विवरण नै प्रविष्टि नभएको र भएकाहरुबाट पनि मापदण्ड बमोजिम नभएकोले प्राधिकरणको २२औं बैठकबाट पुनः मापदण्ड संशोधन गरी मिति २०८२/१२/१७ सम्म दर्ता अभिलेखीकरणको समयावधि थप भएको प्राधिकरणको मिति २०८२/११/११ को सूचना र बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी मिति २०८२/१०/१३ मा प्रकाशित सूचनाको प्रतिलिपि (थान-२) यसैसाथ संलग्न राखी सो सूचनामा उल्लेख भएबमोजिम अभिलेखीकरणको कार्यलाई प्रभावकारी बनाउन सहकारी संस्थाहरुलाई सूचना प्रवाह तथा अभिलेख प्रविष्टिको कार्यलाई सहयोग तथा सहजीकरणको लागि सबै स्थानीय तहहरूलाई पत्राचार गरी आवश्यक समन्वय एवम् सहजीकरण गरिदिनु हुन भनी प्राधिकरणको प. सं. ०८२/०८३, च.नं. ६४४, मिति २०८२/११/११ को पत्रबाट लेखी आएकोले सोही बमोजिम सबै स्थानीय तहहरूलाई आवश्यक समन्वय एवम् सहजीकरण गरिदिनु हुन प्राधिकरणको उल्लेखित पत्र तथा सूचनाको छायाँप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा यस मन्त्रालयको मिति २०८२/११/१५ को निर्णयानुसार अनुरोध छ।

(दुर्गा पौडेल)
शाखा अधिकृत

बोधार्थ:-
श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण,
पुल्चोक, ललितपुर।

सि.द. १६५१
११।१३

नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

National Cooperatives Regulatory Authority (NCRA)

(स्थापना-२०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।

पत्र संख्या : ०८२।०८३
चलानी नं. : ६०४४

मितिः २०८२/११/११
ने.सं: ११४६ चिल्लाथ्व ६, सोमवार

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
दर्ता नं.: १५६३
मितिः ११।१३

विषय : <u>परिपत्र सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस प्राधिकरणबाट "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" जारी गरी मिति २०८२ मंसिर १० गतेदेखि अभिलेखीकरणको कार्य गरिरहेको र सो सम्वन्धमा अभिलेखीकरण हुनुपर्ने सहकारी संस्था मध्ये धेरै सहकारी संस्थाहरुवाट विवरण नै प्रविष्ट नभएको र भएकाहरुवाट पनि मापदण्ड बमोजिमको विवरण प्रविष्ट नभएकोले अपेक्षित संख्यामा अभिलेखीकरण गरी प्रमाणपत्र जारी नभएकोले प्राधिकरणको २२औं बैठकबाट पुनः मापदण्ड संशोधन गरी मिति २०८२/१२/१७ सम्म दर्ता अभिलेखीकरणको समयावधि थप भएको छ। समयावधि थप सम्बन्धी प्राधिकरणको मिति २०८२/११/११ को सूचना र बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी मिति २०८२/१०/१३ मा प्रकाशित सूचनाको प्रतिलिपी (थान-२) यसै साथ संलग्न छ। अतः प्रकाशित सूचना बमोजिम अभिलेखीकरणको कार्यलाई प्रभावकारी वनाउनको लागि प्रदेशको सहकारी हेर्ने मन्त्रालय/ सहकारी रजिष्ट्रारको कार्यालय तथा स्थानीय तहहरु मार्फत सहकारीहरुलाई परिपत्र गर्नुपर्ने देखिएकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्रदेश सरकार र स्थानीय तहहरुमा परिपत्र गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ।

☑
☐ भूमि व्यवस्था महाशाखा
☐ योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

२०८२/११/११
(जमुना ढकाल)
शाखा अधिकृत

<u>वोधार्थः</u>
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौंः उपरोक्तानुसारको विषय प्रदेश सरकार र स्थानीय तहहरुमा परिपत्र गर्ने व्यवस्थाका लागि अनुरोध छ।

११।१३

नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

## National Cooperatives Regulatory Authority

(स्थापना - २०८१)

पत्र संख्या:-
चलानी नं.:-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार
(स्थापना-२०८१)

सूचना!!!

सहकारी ऐन, २०७४ बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने बचत तथा ऋण, कृषि, बहुउद्देश्यीय लगायतका सहकारी संस्थाहरुलाई ऐनको दफा २०क. बमोजिम दर्ता तथा वर्गीकरण गर्ने जिम्मेवारी राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई तोकिएको व्यहोरा विदितै छ। उक्त प्रयोजनका लागि प्राधिकरणबाट मिति २०८२ असोज १० गते बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी मापदण्ड (संशोधन सहित), जारी भई, मिति २०८२ मंसिर १० गतेदेखि दर्ता तथा अभिलेखीकरण सम्बन्धी सफ्टवेयर (Financial Cooperative Registration System) कार्यान्वयनमा आई इजाजत प्रदान गर्ने प्रक्रिया प्रारम्भ भएको छ।

यस प्राधिकरणबाट इजाजतपत्र नलिई बचत तथा ऋणको कारोबार गरेमा मापदण्डको दफा ४ को उपदफा ३ बमोजिमको कारबाही सहित देहाय बमोजिमका जटिलता आउन सक्नेछन्:

- धितो रोक्का तथा दृष्टिबन्धक गर्ने कार्यमा,
- करचुक्ता लिन,
- कर्जा सूचना केन्द्रको सदस्य हुन,
- वार्षिक बाह्य लेखापरिक्षण गर्न,
- कारोबार रोक्का हुनसक्ने,
- ठगीमा कारबाही हुनसक्ने,
- संस्थाको दर्ता खारेजी हुनसक्ने।

अतः प्राधिकरणले तोके बमोजिमको समयसीमा (मिति २०८२ फागुन ११) भित्र दर्ता अभिलेखीकरण प्रक्रियामा सहभागी भई कारोबार सञ्चालन इजाजतपत्र लिनुहुन सम्बन्धित सबै सहकारी संस्थालाई यो सूचना जारी गरिएको छ।

(केशवराज अधिकारी)
निर्देशक



CamScanner

नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

## National Cooperatives Regulatory Authority

(स्थापना - २०८१)

पत्र संख्याः-
चलानी नं.:-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)
नेपाल सरकार

मितिः २०८२/११/११
ने.सं. ११४६ चिल्लाध्व ६, सोमवार

### दर्ता अभिलेखीकरणको समयावधि थप सम्बन्धी अत्यन्त जरुरी सूचना।

सहकारी ऐन, २०७४ को दफा २०क. बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण गर्ने प्रयोजनका लागि यस प्राधिकरणबाट "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" जारी भई मिति २०८२ मंसिर १० गतेदेखि दर्ता अभिलेखीकरण कार्य प्रारम्भ भएको व्यहोरा विदितै छ। उक्त मापदण्ड (दोस्रो संशोधन) को दफा ३(४) को व्यवस्था बमोजिम सो कार्यको लागि थप भएको समयावधि २०८२ फागुन ११ गते समाप्त हुने हुँदा, यस अवधिमा सबै सहकारी संस्थाहरुको विवरणहरु प्रविष्ट भई सक्ने नदेखिएको र विवरण प्रविष्टिको कार्य निरन्तर भईरहेकाले "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण (तेस्रो संशोधन) मापदण्ड, २०८२" को दफा ३(४) को व्यवस्था तथा प्राधिकरणको मिति २०८२/११/०९ को निर्णयानुसार दर्ता अभिलेखीकरणको समयावधि मिति २०८२ चैत्र १७ गतेसम्मका लागि थप गरिएको हुँदा सो अवधि भित्र अनिवार्य रुपमा दर्ता अभिलेखीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

(केशवराज भट्टराई)
निर्देशक
२०८२।११।११

पुल्चोक, ललितपुर, नेपाल । फोन नं. ०१-५०१०१३१, ५०१०२३७ । वेबसाईट : www.ncra.gov.np । ईमेल : admin@ncra.gov.np